## अनुसूची- २

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

| खण्ड २०८२ | संख्या ०१ | मितिः २०८२/०३/३१ |
|---|---|---|

**भाग-१**

**त्रिवेणी नगरपालिका**

# त्रिवेणी नगरपालिकाको आर्थिक ऐन,२०८२

आज्ञाले,

चिरन्जीवी प्रशाद शाह

प्रमुख प्रशासकीय अधिकृत

त्रिवेणी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

तोली ,बाजुरा

# त्रिवेणी नगरपालिकाको आर्थिक ऐन,२०८२

**प्रस्तावनाः** त्रिवेणी नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त कर तथा शुल्क संकलन गर्ने, कर घटाउने, बढाउने, छुट दिने तथा राजश्व प्रशासन सम्बन्धमा आवश्यक कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

**नेपालको संविधानको धारा ५७ को उपधारा (४), धारा ५९ को उपधारा (१), धारा ६० को उपधारा (१) र धारा २२८ को उपधारा (२) बमोजिम त्रिवेणी नगरपालिका को नगर सभाले यो ऐन बनाएको छ।**

**१. संक्षिप्त नाम र प्रारम्भः** (क) यस ऐनको नाम "आर्थिक ऐन, २०८२" रहेको छ।

(ख) यो ऐन २०८२ साल श्रावण १ गते देखि त्रिवेणी नगरपालिका क्षेत्रमा लागू हुनेछ।

**२. सम्पत्तिकर** : (१) त्रिवेणी नगरपालिकाले आफ्नो क्षेत्रभित्रको घर र घरजग्गामा (अनुसूची-१) बमोजिम सम्पत्ति कर लगाउनेछ।

(२) उप-दफा (१) बमोजिम सम्पत्तिकर लगाउदा घर र घरले चर्चेको जग्गामा सम्पत्तिकर लगाई बाकी जग्गा र घर नभएको जग्गामा दफा ३ बमोजिम भूमिकर (मालपोत) लगाउनेछ।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागी "घरले चर्चेको जग्गा" भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप जग्गासम्म सम्झनु पर्छ।

(३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको घर र घरजग्गामा सम्पत्ति कर लाग्ने छैनः-

क. नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको स्वामित्वमा रहेको घर र जग्गा,

ख. सरकारी अस्पतालको घर र घरजग्गा,

ग. गुठीको स्वामित्वमा रहेको घर र जग्गा,

घ. मुनाफाको उद्देश्य नराखी सञ्चालन गरिएको सरकारी शिक्षण संस्था, कम्पनी, समिति, प्राधिकरण, बोर्ड र सरकारी संस्थानको घर र घरजग्गा,

ङ. मुनाफाको उद्देश्य नराखी सञ्चालन भएका संघ, संस्थाको घर र घरजग्गा,

च. धार्मिक संस्था, मन्दिर, गुम्बा, चर्च, मस्जिद आदिको घर र घर जग्गामा

छ. खानेपानी सङ्कलन पोखरी, विद्युतगृह, मसानघाट, रंगशाला, उद्यान, पार्क जस्ता सार्वजनिक उपयोगका स्थलहरू,

**३. भूमिकर (मालपोत) :** नगरपालिका क्षेत्र भित्र (अनुसूची-२) बमोजिम सम्पत्ति कर लागेको घर जग्गा बाहेकको अन्य जग्गामा भूमिकर (मालपोत) लगाउनेछ।

**४. घर/जग्गा वहाल करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूची-३ बमोजिम घर जग्गावहाल कर लगाउनेछ।

**५. व्यवसाय करः** नगरपालिका क्षेत्र भित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची-४ बमोजिम व्यवसाय कर लगाउनेछ **र** वडा भित्रका ब्यापार व्यवसाय दर्ता गर्नका लागि सम्बंधित वडाका कर्मचारीलाई खटाइनेछ ।

**६. सवारी साधन करः** नगरपालिका क्षेत्र भित्र दर्ता भएका सवारी साधनमा अनुसूची-५ बमोजिम सवारी साधन कर लगाउनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**७. विज्ञापन करः** बिज्ञापन कर प्रादेशिक ऐन अनुसार हुनेछ ।

**८. मनोरन्जन करः** नगरपालिका क्षेत्र भित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूची-६ बमोजिम कर लगाउनेछ।

**९. बहाल बिटौरी शुल्कः** नगरपालिका क्षेत्र भित्र आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेका अनुसूची -७ मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाउनेछ। यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि हाटबजारहरुमा बहाल बिटौरी शुल्क लाग्ने छैन।

**१०. पार्किङ शुल्कः** नगरपालिका क्षेत्र भित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराएका कार्यपालिकाको निर्णय बमोजिम पार्किङ शुल्क लगाउनेछ।

**११. सेवा शुल्क, दस्तुरः** नगरपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनुसूची- ८ मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाउनेछ।

**१२. पर्यटन शुल्कः** नगरपालिकाले आफ्नो क्षेत्र भित्र प्रवेश गर्ने पर्यटकहरुवाट त्रिवेणी नगरपालिकाले आवश्यक अध्ययन गरी कार्यपालिकाको निर्णयानुसार पर्यटन शुल्क लगाउन सक्नेछ ।

**१३. जडीबुटी, कवाडी र मरेका वा मारिएका जीवजन्तु करः** कुनै ब्यक्ति वा संस्थाले ऊन खोटो, जडीबुटी, बनकस, कवाडी मलमा र प्रचलित कानुन बमोजिम निषेधितबाहेक जिवजन्तुको हाड, सिग, प्वाख, छाला वा यस्तै प्रकृतिको बस्तुको ब्यवसायिक उपयोग गरे बापत अनुसूची-९ बमोजिम जडीबुटी, कवाडी र जीवजन्तु कर लगाउनेछ।

**१४. नदीजन्य पदार्थ (ढुंगा, गिट्टि, बालुवा, आदी) बिक्री करः** नदीजन्य पदार्थ (ढुंगा, गिट्टि, बालुवा, आदी) बिक्री करः यस नगर क्षेत्र भित्र भएर बग्ने, वातावरणीय अध्ययन गरेका र घाटगद्दि तोकीएका नदी/खोलाहरुबाट ढुंगा, गिट्टी, बालुवा, भरान, ग्राभेल र माटो आदीमा अनूसुची १० मा उल्लेख भए बमोजिम बिक्री कर रोयल्टी लगाउनेछ ।

**१५. सामुदायिक बनबाट प्राप्त आयः** यस नगर क्षेत्र भित्रका सामुदायिक बनका उपभोक्ता समितिले वन पैदावरको विक्री वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम यस नगरपालिकामा जम्मा गर्नु पर्नेछ।

**१६ बहुवर्षिय ठेक्का :** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि बहुवर्षिय ठेक्काको हकमा एक वर्षको स्वीकृत ठेक्का रकमले हुन आउने रकमको नेपाल राष्ट्र बैंकबाट स्वीकृत प्राप्त वाणिज्य बैंकद्धारा १५ महिना अबधि सम्मको लागि जारी गरिएको परफरमेन्स बण्ड दाखिला गरेपछि मात्र ठेक्काको सम्झौता गराई ठेक्का चलनको पट्टा पुर्जी प्रदान गर्ने । यस पछिका बर्षहरूमा समेत सोही अनुसार ठेक्काको सम्झौता गराई ठेक्का चलनको पट्टापुर्जी प्रदान गरिनेछ ।

**१७. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि / निर्देशिका नगरपालिकाले तोके अनुसार हुनेछ।

**१८.पुरस्कार तथा जरिवाना :** यस त्रिवेणी नगरपालिका बाट स्वीकृत भै जारी भएका ऐन, नियम, बिनियम, कार्यविधि, निर्देशिका र निर्णय आदिमा व्यवस्था भए बमोजिम पुरस्कार र जरिवानाको व्यवस्थालाई लागु गरिनेछ।

**१९. बाधा अड्काउ फुकाउ** यस ऐनको कार्यान्वयनको क्रममा कुनै बाधा आईपरेमा त्रिवेणी नगरपालिका नगर कार्यपालिकालाई बाधा अड्काउ फुकाउने अधिकार रहनेछ।

**२०. खारेजी** : साविकमा त्रिवेणी नगरपालिका ले लागु गर्दै आएका व्यवस्थाहरु यस ऐनसँग प्रतिकुल देखिएमा प्रतिकुल भएको हद सम्म खारेज हुनेछ ।

## अनुसुचि १
## दफा २ संग सम्वन्धित सम्पति कर
## घर करका दरहरु राजश्व शिर्षक नं ११३१३

जिल्ला दररेटको आधारमा मुल्याङकन भन्नाले यस बाजुरा जिल्ला मुल्याङकन समितिको निर्णयानुसार हुनेछ।

| घरको प्रकार | | कर दर रु २०८१।०८२ | कर दर रु २०८२।०८३ |
|---|---|---|---|
| खरको छानो भएको एकतले घर | | ३० | ३० |
| प्ररम्परागत ढुङ्गा माटोको गारो भएको ढुङ्गाको पडाले छाएको | एकतले | ३५ | ३५ |
| | दुइतले | ४० | ४० |
| | तिन तले | ५० | ५० |
| ढुङ्ग/ इटा सिमेन्टले बनेको पक्की घर | एकतले | १०० | १५० |
| | दुइतले | १२० | १७५ |
| | तिनतले | १५० | २०० |

मूल्याङ्कनको सुत्र : जमिनको मूल्याङ्कन = क्षेत्रफल (वर्ग मिटर)* प्रति वर्ग मिटर दर(जिल्ला दर)

## अनुसुचि २
## दफा ३ संग सम्वन्धित भुमिकर
## मालपोत का दरहरु राजश्व शिर्षक नं ११३१४

| मुल्याङ्कन रुपैया जिल्ला दररेटको आधारमा | दर रु २०८१।०८२ | दर रु २०८२।०८३ |
|---|---|---|
| ० देखि ५ लाख सम्म | ८० | ८० |
| पाँच लाख भन्दा माथि १० लाख सम्म | १०० | १०० |
| १० लाख भन्दा माथि देखि २५ लाख सम्म | १५० | १५० |

| | | |
|---|---|---|
| २५ लाख भन्दा माथि देखि ५० लाख सम्म | २५० | २५० |
| ५० लाख भन्दा माथि देखि १ करोड सम्म | ३५० | ४०० |
| १ करोड भन्दा माथि | ५०० | ६०० |

नोटः बक्यौता बाँकीमा चालु आ.व को दररेट अनुसार नै सम्पति कर र मालपोत कर संकलन गरिनेछ यस्तो बक्यौतामा प्रत्येक वर्षमा १०% जरिवाना लिईनेछ ।

## अनुसूचि–३

दफा ४ संग सम्बन्धित)

## घर वहाल कर

नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, सवारी साधन, गोदाम, टहरा, छप्पर वा पोखरी पुरै वा आंशिक रुपले वहालमा दिएकोमा नगरपालिका लेवहाल वा जग्गा वहाल कर वार्षिक १०% लगाउनेछ ।

## अनुसूचि–४

दफा ५ संग सम्बन्धित)

## व्यवसाय कर राजश्व शिर्षक नं १४६११

| क्र.स. | करका क्षेत्र/ विवरण | दर्ता तथा बार्षिक नविकरण वापतको शुल्क | कैफियत |
|---|---|---|---|
| १ | किराना खुद्रा पसल/ फलफुल तरकारी पसल | १००० | |
| २ | मदिरा इजाजत पत्र शुल्क | ३१००० | |
| ३ | मदिरा इजाजत नविकरण | ४५०० | |
| ४ | रसायनिक मल बिक्रेता इजाजत पत्र | ३००० | |
| ५ | रसायनिक मल विक्रेता इजाजत नविकरण बार्षिक | ५०० | |

| | | | |
|---|---|---|---|
| ६ | होटेल होमस्टे | २००० | |
| ७ | औषधि पसल | २००० | |
| ८ | माछामासु पसल | १००० | |
| ९ | स्टेशनरी तथा पुस्तक  पसल | १००० | |
| १० | कस्मेटिक पसल | १००० | |
| ११ | कपडा फेन्सि सिलाईकटाई पसल | १००० | |
| १२ | इलेक्ट्रोनिक पसल/ भाडा पसल | १००० | |
| १३ | फर्निचर उधोग | २५०० | |
| १४ | फोटो स्टुडियो/ छपाई पसल | १००० | |
| १५ | कुटानी पिसानी मिल | १००० | |
| १६ | अल्लो प्रशोधन केन्द्र /हाते कागज | १००० | |
| १७ | घ वर्ग निर्माण व्यवसाय इजाजत दर्ता | ३०००० | |
| १८ | घ वर्ग निर्माण व्यवसाय इजाजत नविकरण | ३५०० | |
| १९ | वित्तिय संस्था संञ्चालन | ३००० | |
| २० | बहुउद्देशीय तथा एकल सहकारी संस्था | १००० | |
| २१ | जुता सिलाई पसल | ५०० | |
| २२ | ज्योतिष सेवा संञ्चालन | ७०० | |
| २३ | ढुङ्गा, बालुवा वा पथर सप्लाई व्यवसाय | १००० | |
| २४ | फलामे आरन व्यवसाय | १००० | |
| २५ | ग्रिल उधोग | १५०० | |
| २६ | अटोमोवाईल मर्मत केन्द्र/ ग्यारेज | २५०० | |
| २७ | निमार्ण सामाग्री लगायतका सामाग्रिको खरिदबिक्रि व्यापार गर्ने पसल/ अर्डर सप्लायर्स | २००० | |
| २८ | कृषक समुह /साना पशुपंछी फर्म | ५०० | |
| २९ | व्यक्तिगत फर्म /उद्योग | १००० | |
| ३० | सिमेन्ट, टाइल तथा ब्लग उधोग | ४००० | |
| ३१ | डेरी उधोग | १००० | |

| | | | |
|---|---|---|---|
| ३२ | चिया नास्ता पसल | १००० | |
| ३३ | ट्रान्सपोर्ट ढुवानी सेवा | २५०० | |
| ३४ | अन्य फर्म सुचिकृत | १००० | |
| ३५ | इन्जिनियरिङ् कन्सलटेन्सि | २५०० | |
| ३६ | पेन्टिङ्ग आर्ट पसल | १००० | |
| ३७ | सुनचाँदी पसल | १००० | |
| ३८ | पाउरोटी, चकलेट, चाउमिन नमकिन तथा अन्य साना उधोग | १००० | |
| ३९ | फर्निचर उधोग काठ | २५०० | |
| ४० | फर्नेचर उधोग स्टिल | २००० | |
| ४१ | ह्यचरी उधोग सो सम्बन्धि | १००० | |
| ४२ | एफ एम रेडियो दर्ता | १२००० | |
| ४३ | एफ एम रेडियो नविकरण | ३००० | |
| ४४ | पत्रपत्रिका मिडिया | १००० | |

४५. त्रिवेणी नगरपालिकाको क्षेत्र भित्र रहेका बिभिन्न धार्मिक एवं पर्यटकिय क्षत्रहरु जस्तै बडिमालिका त्रिवेणी धाम नाटेश्वरी मन्दिर र अन्य क्षेत्रहरुमा धार्मिक मेलाका बेला कुनै पनि ब्यक्तिहरुले पसल होटल संचालन गर्न चाहेमा उक्त मेला संचालन हुनु भन्दा १ हप्ता अगाबै तपसिल बमोजिमको दस्तुर बुझाइ पालिका बाट स्विकृति लिइ संचालन गर्नुपर्नेछ ।

| क्र.सं. | किसिम | दस्तुर | कैफियत |
|---|---|---|---|
| १ | बडिमालिका क्षेत्रमा होटेल संचालन गरेमा प्रति दिनको | ८०० | पालिकाको स्वीकृति अनिवार्य लिनुपर्नेछ । |
| २ | वडिमालिका क्षत्रमा पसल संचालन गरेमा | ५०० | पालिकाको स्वीकृति अनिवार्य लिनुपर्नेछ । |
| ३ | बडिमालिका क्षेत्रमा होटेल र पसल संचालन गरेमा | १००० | पालिकाको स्वीकृति अनिवार्य लिनुपर्नेछ । |
| ४ | नाटेश्वरी क्षेत्रमा पसल संचालन गरेमा प्रति दिन | १००० | पालिकाको स्वीकृति अनिवार्य लिनुपर्नेछ । |

| | | | |
|---|---|---|---|
| ५ | नाटेश्वरी क्षत्रमा होटल संचालन गरेमा प्रति दिन | १२०० | पालिकाको स्वीकृति अनिवार्य लिनुपर्नेछ । |
| ६ | नाटेश्वरी क्षत्रमा होटल पसल संचालन गरेमा प्रति दिन | २००० | पालिकाको स्वीकृति अनिवार्य लिनुपर्नेछ । |

नोटः माथि उल्लेखित मदिरा शुल्क र घ वर्गको इजाजत पत्र नविकरण वाहेक अन्य सम्पुर्णको दर्ता शुल्क अनुसार नै नविकरण शुल्क कायम गरिनेछ ।

अनुसूचि–५

दफा ६ संग सम्बन्धित)

सवारी साधन कर राजश्व शिर्षक नं ११४५१

| क स | सवारि साधनको प्रकार | आ व २०८२।०८३ दर |
|---|---|---|
| १ | अटो रिक्सा तथा विद्युतिय रिक्सा | १५०० |

अनुसूचि–६

दफा ८ संग सम्बन्धित)

मनोरञ्जन कर राजश्व शिर्षक नं ११४७९

| क स | विवरण | ईकाई | आ व २०८२।०८२ दर |
|---|---|---|---|
| १ | सिनेमाहल तथा मनोरन्जन प्रदर्शन स्थलको प्रवेश | प्रति टिकट | २% |
| २ | प्रवेश शुल्क लाग्ने मनोरञ्जनात्मक व्यवसायीक मिनी मेला, व्यवसायीक मेला तथा खेलकुदका लागी | प्रति प्रवेश टिकट | ५ |
| ३ | नगरपालिका बाट स्विकृत गरि संञ्चालन हुने मनोरञ्जनात्मक मिनी मेला व्यवसायीक तथा खेलकुद लगायतका लागी न्यूनतम ५ दिन सम्मका लागी | प्रति दिन | ३००० |

| | | | |
|---|---|---|---|
| ४ | सो भन्दा बढी प्रत्येक दिनका लागी थप | प्रत्येक दिन | १००० |

अनुसूचि–७

दफा ९ संग सम्बन्धित)

बहाल बिटौरी कर राजश्व शिर्षक नं ११३१८

| **क.सं.** | **विवरण** | **अवधि** | **आ.व. २०८२।०८३ को** प्रस्तावित **दर** |
|---|---|---|---|
| १ | ट्रष्टको टहरा वहाल दस्तुर | बार्षिक | १५०० |
| २ | काठको टहरा वहाल दस्तुर | बार्षिक | ११०० |
| ३ | टहरा वहाल नामसारी दस्तुर | बार्षिक | १००० |
| ४ | कच्ची घर | बार्षिक | १२०० |
| ५ | माथीका बाहेक अन्य प्रकारका घरहरु | बार्षिक | ७५० |

अनुसूचि–८

दफा ११ संग सम्बन्धित)

सेवा शुल्क, दस्तुर राजश्व शिर्षक नं १४२२९

| क स | विवरण | आ व २०८२।०८३ दस्तुर |
|---|---|---|
| १ | सामान्य सिफारिस दस्तुर | १०० |
| २ | नगरपालिकामा योजना माग सिफारिस | १०० |
| ३ | १ लाख सम्मका योजना भुक्तानी सिफारिस | २०० |
| ४ | ५ लाख सम्मको योजना भुक्तानी | ५०० |
| ५ | ५ लाख सम्म माथिको योजना भुक्तानि | १००० |
| ६ | अन्य निकायका अनुदान कार्यक्रम भुक्तानी १ लाख सम्म । | २०० |
| ७ | अन्य निकायका अनुदान कार्यक्रम भुक्तानी १ लाख भन्दा माथि । | ५०० |
| ८ | १ लाख सम्मका योजना सम्झौता सिफारिस | १०० |

| | | |
|---|---|---|
| ९ | **५ लाख सम्मकोमाथिका योजना सम्झौता सिफारिस** | **२००** |
| १० | **५ लाख भन्दा माथिका योजनाको सम्झौता** | **३००** |
| ११ | संघ र प्रदेशमा योजना माग सिफारिस | २०० |
| १२ | सार्वजनिक मठमन्दिर, पाटिपौवाको हकमा सिफारिस दस्तुर | निशुल्क |
| १३ | दुर्गम, पि.छे दलित तथा खस आर्य प्रमाणीत दस्तुर | १०० |
| १४ | नागरिकता सिफारिस | २०० |
| १५ | आंगिकृत नागरिकता सिफारिस | ५०० |
| १६ | नागरिकता प्रतिलिपि सिफारिस | २५० |
| १७ | दुबै नाम एकै हो भन्ने सिफारिस नेपालीमा | २०० |
| १८ | दुबै नाम एकै हो भन्ने सिफारिस अङग्रेजीमा | ३०० |
| १९ | नाम, थर सच्याउने सिफारिस | २०० |
| २० | नाता प्रमाणित सिफारिस दस्तुर नेपालीमा | २०० |
| २१ | नाता प्रमाणित सिफारिस दस्तुर अङग्रेजीमा | ३०० |
| २२ | नाता कायम सिफारिस | १५० |
| २३ | अंशियार प्रमाणित | २०० |
| २४ | जग्गा धनी प्रमाण पुर्जा प्रतिलिपि सिफारिस | २०० |
| २५ | जग्गा नामसारी | ३०० |
| २६ | जग्गा नामसारी मरुवाको सरुवा | २०० |
| २७ | सगोल प्रमाणित/ पारिवारीक विवरण | २०० |
| २८ | बसोबास प्रमाणीत सिफारिस | १०० |
| २९ | बसोबास प्रमाणित अङगेजी | २०० |
| ३० | नावालक सिफारिस | १५० |
| ३१ | अविवाहित प्रमाणीत सिफारिस | १०० |
| ३२ | व्यक्तिगत प्रमाणीत सिफारिस | १०० |
| ३३ | चारित्रिक प्रमाणीत सिफारिस | २०० |
| ३४ | जेष्ठनागरिक, असक्त. एकल महिला, अपाङ्गता, अल्पसंख्यक, विपन्न तथा औषधि उपचार सिफारिस | निशुल्क |
| ३५ | व्यक्तिगत घटना दर्ता जन्म, विवाह, वसाईसराई, सम्बन्धि विच्छेद, मृत्यू प्रमाणपत्र ३५ दिन भित्र | निशुल्क |

| | | |
|---|---|---|
| ३६ | व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु विवाह, वसाईसराई, सम्बन्धि विच्छेद) बिलम्ब दस्तुर । | २०० |
| ३७ | व्यक्तिगत घटना दर्ता (जन्म, विवाह, वसाईसराई, सम्बन्धि विच्छेद, मृत्यू )प्रमाणपत्र प्रतिलिपि | ५०० |
| ३८ | व्यक्तिगत घटनादर्ता प्रमाणित शुल्क (वि स२०४७ साल अघिका घटनाको हकमा । ) | २०० |
| ३९ | काठको सिफारिस ठाउँसारि | ५०० |
| ४० | व्यवसाय दर्ता प्रमाणपत्र सिफारिस | ५०० |
| ४१ | नगरपालिकाको हल भाडा १ दिन भन्दा माथि २ दिन सम्म दैनिक | २००० |
| ४२ | नगरपालिकाको हल भाडा ३ दिन भन्दा माथि ७ दिन सम्म दैनिक | १५०० |
| ४३ | नगरपालिकाको हल भाडा ८ दिन भन्दा माथि १५ दिन सम्म दैनिक | १००० |
| ४४ | १५ दिन भन्दा माथिको लागी मासिक रु २०००० का दरले सम्झौता गरिने | २०००० |
| ४५ | व्यवसाय बन्द तथा परिवर्तन | २०० |
| ४६ | व्यवसाय नामसारि तथा ठाँउसारि | २०० |
| ४७ | सुर्तिजन्य व्यवसाय सिफारिस | ५०० |
| ४८ | सर्जमिन दस्तुर नाता प्रमाणितका लागि | २०० |
| ४९ | सर्जमिन दस्तुर नागरिकता प्रयोजनका लागि | २५० |
| ५० | अन्य सबै प्रकारका सर्जमिन दस्तुर | ३०० |
| ५१ | लिखत प्रमाणित १० लाख सम्मको | ३०० |
| ५२ | लिखत प्रमाणित १० लाख माथि | ५०० |
| ५३ | जग्गाको रेखाङ्कनमा प्राविधिक खटाउदा सेवा दस्तुर | १००० |
| ५४ | फोटो स्टूडियो तथा छपाई सम्बन्धि पसल सिफरिस दस्तुर | १००० |
| ५५ | कृषि उपज निकासि पैठारि शुल्क प्रति के जि | २० पैसा |
| ५६ | न्यायीक समिति बाट मेलमिलाप निवेदन दस्तुर | २०० |
| ५७ | TS मेसिनको दैनिक भाडा दर | १५०० |
| ५८ | चारकिला प्रमाणीत सिफारिस शुल्क | ५०० |
| **५९ स्रोत प्रमाणित बिदेशि प्रयोजनका लागि** | | |
| १ | १० लाख सम्म आयस्रोत प्रमाणीत सिफारिस दस्तुर | ५०० |

| | | |
|---|---|---|
| २ | १० लाख भन्दा माथि २५ लाख सम्म आयस्रोत प्रमाणीत सिफारिस दस्तुर | १००० |
| ३ | २५ लाख देखि माथि आयस्रोत प्रमाणीत सिफारिस दस्तुर | १५०० |
| **६०** | **आयस्रोत प्रमाणित स्वदेसि प्रयोजानका लागि** | |
| १ | पहिलो १० लाख सम्म | ७०० |
| २ | दस लाख १ देखि पच्चिस लाख सम्म | १२५० |
| ३ | पच्चिस लाख १ देखि पचास लाख सम्म | १५०० |
| ४ | पचास लाख १ खेखि पचहत्तर लाख सम्म | २००० |
| ५ | पचहत्तर लाख १ देखि १ करोड सम्म | २५०० |
| ६ | १ करोड १ देखि १ करोड पचास लाख सम्म | ३००० |
| ६१ | **निजि शैक्षिक संस्था तर्फ** | |
| ६२ | मन्टेश्वरी, पुर्व प्राथमिक प्रति निवेदन | ६००० |
| ६३ | कक्षा १ देखि ३ कक्षा सम्म प्रति निवेदन | ८००० |
| ६४ | आधारभुत तह(१-५) प्रति निवेदन | १०००० |
| ६५ | निम्न माध्यामिक तह (१-८) प्रति निवेदन | ११००० |
| ६६ | माध्यमिक तह (कक्षा १० सम्म) प्रति निवेदन | १३००० |
| ६७ | माध्यमिक तह (कक्षा १२ सम्म) प्रति निवेदन | १५००० |
| ६८ | कलेज स्थापना संचालन स्वीकृतिको लागि अनुमति तथा सिफारिस दस्तुर प्रति निवेदन | १२५०० |
| ६९ | प्राविधिक शिक्षण संस्था प्रति निवेदन | १२५०० |
| ७० | स्तर बृद्धिका लागि सिफारिस प्रति विषय | ७५०० |
| ७१ | कक्षा ५ सम्मका लागि प्रति कक्षा | ५००० |
| ७२ | कक्षा ६ देखि ८ सम्मका लागि प्रति कक्षा | ६००० |
| ७३ | कक्षा ९ र सो देखि माथि प्रति कक्षा | ७००० |
| ७४ | संस्थागत विद्यालय ग्रेडसिट प्रति विधार्थी | २०० |
| ७५ | ग्रेडसिटको प्रतिलिपि (निजि तथा सरकारी दुवै) प्रति विधार्थी | ३०० |
| ७६ | घर नक्सा निवेदन दस्तुर प्रति पटक | १० |
| ७७ | नक्सापास निवेदन फारम किताव प्रति गोटा | ११०० |
| ७८ | नक्सा प्रमाण-पत्रको प्रतिलिपी दस्तुर प्रति पटक | ३०० |

| | | |
|---|---|---|
| ७९ | नक्साको प्रतिलिपी दस्तुर प्रति पटक | ५०० |
| ८० | पेट्रोल डिजेल तथा आयल स्टोर सिफारिस | ५००० |
| ८१ | नेपाल सरकारका पूर्ण स्वामित्व बाहेकका आर्थिक कारोवार गर्ने बैंक (बार्षिक) | ११००० |
| ८२ | बाणिज्य बैक (बार्षिक) | ७७०० |
| ८३ | विकास वैक (बार्षिक) | ५५०० |
| ८४ | नेपाल बैंक (बार्षिक) | ७७०० |
| ८५ | बिमा कम्पनी (बार्षिक) | ५५०० |
| ८६ | आर्थिक कारोबार गर्ने वितीय कम्पनिका मुख्य कार्यालय (बार्षिक) | ३३०० |
| ८७ | वितीय कम्पनिका शाखा कार्यालय तथा रेमिटयान्स व्यवसाय (बार्षिक) | ३३०० |
| ८८ | सहकारी वैंक (बार्षिक) | ४००० |
| ८९ | पशुपन्क्षी परिक्षण शुल्क ( प्रति गोटा ) | ५ |
| ९० | पशु चौपाया ओसार पोसार सिफारिस शुल्क (प्रति गोटा) | |
| | १. राँगा, भैसि | २०० |
| | २. खसि, बोका र बाखा | १०० |
| | ३. गाई, गोरु | ५० |
| ९१ | घ वर्गको ईजाजत पत्र हकवालाको नाममा नामसारि सिफारिस शुल्क | १००० |
| ९२ | घ वर्गको ईजाजत पत्र हकवाला बाहेकको नाममा नामसारि सिफारिस शुल्क | १५०० |
| ९३ | विवाह, जन्म,मृत्यु, अविवाहित, ठेगाना लगाएत सबै किसिमका अग्रेजी गरिने सिफारिस तथा प्रमाणित प्रति निवेदन | ३०० |
| ९४ | नेपाली पेन्सनपट्टा वाहकका लागि जुनसुकै सिफारिस | २०० |
| ९५ | भारतिय पेन्सनपट्टा वाहकका लागि जुनसुकै सिफारिस | ८०० |
| ९६ | उपभोक्ता समिति मार्फत पालिका भित्र गरिने योजनाको काममा प्रति घन्टा | २००० |

| | | |
|---|---|---|
| ९७ | अन्य निकाय फर्म वा ठेका छिमेकि गाउपालिका वा नगरपालिकाका मार्फत गरिने योजनाको काममा प्रति घन्टा | २५०० |
| ९८ | जे सी बि मा लाग्ने इन्धन खर्च स्वयंले व्यहोर्नु पर्नेछ । | |

९९. नाटेश्वरी मन्दिर र अन्य क्षेत्रहरुमा धार्मिक मेलाका बेलामा सरसफाई गर्ने प्रयोजनका लागि लिने सेवा शुल्क

| क्र.सं. | बलिको प्रकार | प्रति बलि दस्तुर | कैफियत |
|---|---|---|---|
| १ | साधारण वलि प्रति बोका | ५० | |
| २ | पन्चवलि प्रति ब्यक्ति | १५० | |

**१००.** आ.व ०८२/०८३ मा वडीमालिका,त्रिवेणी धाम नाटेश्वरीमा आउने तिर्थ यात्रुहरुका लागी शौचालन र सरसफाई लाइ व्यावस्थापन गर्ने प्रयोजनका लागी तिर्गयात्रीहरु संग स्वच्छिक रुपमा त्रिवेणी नगरपालिकाको नगदी रसिद प्रयोग गरी सेवा शुल्क लिने । सव सेवा शुल्क उठाउनका लागी न.पा का कर्मचारीहरु लाइ खटाइ सेवा शुल्क उठाउने व्यवस्था कायम गर्ने ।

अनुसूंचि -९

जडीबुटी कर, कवाडी कर,र मरेका वा मारीयका जीवजन्तु कर

| क्र.सं | करका क्षेत्र/विवरण | दर रु. |
|---|---|---|
| क | **जडीबुटी तथा वन्यजन्तु सम्वन्धि कर** | |
| १ | जडीबुटि बन्यजन्तु अन्य खनिज पदार्थहरु प्रति के.जी मुल्यको | ३% |
| २ | बनजन्य काठ काठको प्रकृति र मुल्य अनुसार प्रति क्यु फिट | १० |
| ३ | बनजन्य घाँस पात संकलन गर्न प्रबेश शुल्क प्रति पटक नगरपालिका भित्र | १० |

| | | |
|---|---|---|
| ४ | बनजन्य संकलन गर्न प्रबेश शुल्क प्रति पटक नगरपालिका बाहिरका लागी | ५० |
| ५ | अन्य बिशेष बहुमुल्य खनिज पदार्थहरु मुल्यको आधारमा प्रति के.जी मुल्यको | २०% |
| **ख.** | **कवाडी कर सम्वन्धि** | |
| १ | धातुजन्य कवाड फलाम र स्टिल प्रति क्युन्टल | २०० |
| २ | जस्तापाता प्रति क्युन्टल | १०० |
| ३ | अन्य धातु तामा, पितल, प्रति के.जी | ४ |
| ४ | खाली सि.सि मदिरा जन्य ५०० एम.एल भन्दा कम प्रति गोटा | १० पैसा |
| ५ | खालि सि.सि मदिरा जन्य ५०० एम.एल भन्दा बढी प्रति गोटा | २० पैसा |
| ६ | सबै प्रकारका प्लास्टिक जन्य कवाड प्रति क्युन्टल | रु. ६० |
| ७ | कागज जन्य कवाड प्रति क्युन्टल | रु. ४० |

## अनुसुचि — १०

## दफा १४ संग सम्वन्धित

## नदिजन्य पदार्थ बिक्रि कर

| क्र.सं | विवरण शिर्षक | रकम रु. | प्रति घन मिटर | कैफियत |
|---|---|---|---|---|
| १ | नदिजन्य पदार्थ ढुङ्गा गिट्टी र बालुवा | | २१२ भ्याट बाहेक | |
| २ | स्लेट प्रति वर्ग फिट | रु. १ | | |

आज्ञाले,

चिरन्जीवी प्रशाद शाह

प्रमुख प्रशासकीय अधिकृत